मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : ३१ ◆ अङ्क : १२० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ चैत ५ गते बिहीबार (Thursday, 19 March. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## अष्ट्रेलिया पठाइदिन्छु भन्दै ठगी

**काठमाडौं, चैत ४।** वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी अष्ट्रेलिया पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा काठमाडौं महानगरपालिका-३२ बस्ने ५५ वर्षीया मीना घिमिरेलाई प्रहरीले पक्राउ गरेको छ।

मीनाले अष्ट्रेलिया पठाइदिन्छु भन्दै एक जनाबाट १२ लाख रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकूबाट खटिएको प्रहरीले उनलाई काठमाडौं

(बाँकी अन्तिम पृष्ठमा)

# प्रहरीद्वारा बालिकामाथि ‘अन्याय’, अनुसन्धानमा आशंका

## पूर्वमन्त्री कार्कीलाई डीएसपी श्रेष्ठद्वारा अशिष्ठ व्यवहार

**झापा, चैत ४।** इलाका प्रहरी कार्यालय अनारमनी र लागूऔषध नियन्त्रण व्यूरो काँकरभिट्टाको टोलीले गतफागुन २९ गते राति बिर्तामोड नगरपालिका-४बाट पक्राउ गरेको घटनालाई लिएर आलोचना शुरु हुन थालेपछि प्रहरीले घटना ढाकछोप गर्ने प्रयास गरेको छ।

जिल्ला प्रहरी कार्यालय झापाले एक विज्ञप्ति जारी गर्दै गत फागुन २९ गते पक्राउ परेका मध्ये १४ वर्षीया वालिका आसिदा खातुनलाई सुरक्षाका कारण प्रहरीले महिला पुनर्स्थापना केन्द्रमा राखेको जनाएको छ। घटनामा आमा २८ वर्षीया मसिना खातुन पक्राउ परेको र वुवा फरार रहेकाले उनको सुरक्षालाई मध्यनजर गर्दै महिला पुनर्स्थापना केन्द्रमा राखिएको प्रहरीको दावी छ।

तर, १४ वर्षीया बालिकाको सुरक्षामा संवेदनशील देखिएको भन्दै विज्ञप्तिवाजी गर्ने जिल्ला प्रहरी कार्यालय झापाले उक्त घरमा ८ वर्षीय बालकको विषयमा भने चासो देखाएको छैन।

प्रहरीले बालिकालाई हिरासतमा राखेको विषय सार्वजनिक भए लगत्तै महिला पुनर्स्थापना केन्द्रमा



पुऱ्याएर घटना ढाकछोप गर्ने प्रयास गरेको बताइन्छ। बालिकाको सुरक्षामा संवेदनशील रहेको प्रहरीले बालकको विषयमा संवेदनशील नहुनुले प्रहरीको अनुसन्धानमा आशंका गरिएको छ। प्रहरीले चोरीको घटना तथा लागूऔषध कारोवार फस्टाइरहेको भन्दै बिर्तामोड-४ मियावारीस्थित जगतबस्नेतको घरमा डेरा गरी बस्ने खातुनको घरमा छापा मारेको थियो।

सो क्रममा प्रहरीले ६ लाख ३५ हजार ४ सय ६० रुपैयाँ नेपाली नगद र २ लाख ४६ हजार भारतीय रुपयाँसहित करिव तीन तोला सुन र चार तोला चाँदीका गहना समेत बरामद गरेको जनाएको छ।

उक्त सामग्री चोरीको हुनसक्ने आशंकामा प्रहरीले खातुनलाई पक्राउ गरेको हो। प्रहरीले छापा मारेको समयमा खातुनका श्रीमान घरमा फेला नपरेको विज्ञप्तिमा उल्लेख गरिए पनि परिवार र आफन्तले भने प्रहरी आफैंले उनलाई भगाएको दावी गरिरहेका छन्।

घटनामा पक्राउ परेकी मसिना खातुन र उनको घरमा पाहुना आएकी आमा जहरुन खातुनलाई प्रहरीले कुटपिट गरेको पीडितको दावी छ। यो विषयमा जिल्ला प्रहरी कार्यालय झापाले कुनै प्रतिक्रिया दिएको छैन। प्रहरीले समाचारमा सत्यता नभएको भन्दै खण्डन गर्ने प्रयास गरे पनि प्रहरीको दावी गलत भएको पीडितका आफन्त र छिमेकीहरुले बताउँदै आएका छन्।

पीडित बालिकाका आफन्तले लागूऔषध तथा चोरीमा संलग्न भएको भए कारवाही गर्न आग्रह गर्दै वालिकालाई भने सुरक्षित रुपमा आफूहरुको जिम्मा लगाइदिन

(बाँकी अन्तिम पृष्ठमा)

# मधेशमा २२० बलात्कारका घटना

**झापा, चैत ४।** एक वर्षको अवधिमै १०१ बालिका र ११९ महिला बलात्कारको शिकार बनेपछि मधेश प्रदेशमा यौन हिंसा गम्भीर सामाजिक संकटका रूपमा उभिएको छ।

तथ्यांकले बालिकामाथि जोखिम अझ उच्च देखाउँदा रोकथामका उपाय प्रभावकारी हुन नसकेको स्पष्ट भएको छ। एक वर्षको अवधिमा मात्रै २२० वटा बलात्कारका घटना दर्ता हुनु प्रदेशको सुरक्षा अवस्था र सामाजिक संरचनामाथि गम्भीर प्रश्न खडा गर्ने संकेतका रूपमा हेरिएको छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सार्वजनिक गरेको ‘नेपाल मानवअधिकार वर्ष पुस्तक २०२६’ अनुसार २०८१ पुस १७देखि २०८२ पुस १६ सम्मको अवधिमा यी घटना अभिलेख गरिएको हो। तथ्यांकले पीडितमध्ये ठूलो हिस्सा बालिकाहरू रहेको देखाएको छ।

उक्त अवधिमा १८ वर्षमुनिका १०१ बालिका र १८ वर्षमाथिका ११९ महिला बलात्कारको शिकार बनेका छन्। यसले बालबालिका विशेषगरी किशोरीहरू उच्च जोखिममा रहेको संकेत गर्छ।



जिल्लागत विवरण हेर्दा धनुषामा सबैभन्दा बढी घटना दर्ता भएका छन्। त्यहाँ १२ बालिका र ५८ महिला बलात्कारको शिकार बनेका छन्। विपरीत रूपमा सप्तरीमा सबैभन्दा कम आठ वटा घटना दर्ता भए पनि त्यहाँ एक बालिका सामुहिक बलात्कारको शिकार भएको उल्लेख छ।

सिरहामा तीन बालिका सामुहिक बलात्कारबाट पीडित भएका छन् भने एउटा घटनामा बलात्कारपछि हत्या समेत भएको तथ्यांकमा उल्लेख छ। त्यहाँ थप १२ बालिका र १६ महिला विभिन्न घटनामा पीडित बनेका छन्।

अन्य जिल्लामा पनि स्थिति चिन्ताजनक देखिन्छ। महोत्तरीमा ३१ (१५ बालिका, १६ महिला), सर्लाहीमा ३१ (२४ बालिका, ७ महिला), रौतहटमा ९, बारामा १६ र पर्सामा २४ वटा घटना दर्ता भएका छन्। सर्लाहीमा मात्रै बालिका पीडितको संख्या सबैभन्दा बढी २४ पुगेको छ।

प्रहरी अभिलेख अनुसार दर्ता भएका २२० घटनामध्ये १०१ मुद्दा कानूनी प्रक्रियामा अघि बढाइएको छ भने ११९ घटनामा अनुसन्धान जारी छ। तीमध्ये ५१ बालिकासँग सम्बन्धित र ६८ महिलासँग सम्बन्धित मुद्दा अझै टुंगोमा पुग्न सकेका छैनन्। हालसम्म ११ वटा घटनाको मात्रै अनुसन्धान सम्पन्न भएको प्रतिवेदनमा उल्लेख छ।

यौन हिंसाका प्रयासका घटना पनि उल्लेख्य रूपमा बढेका छन्। एक वर्षमा मात्रै ७७ वटा बलात्कार प्रयासका घटना दर्ता भएका छन्। केही घटनामा थप जघन्य प्रकृति पनि देखिएको छ- सिरहामा एक बालिकाको बलात्कारपछि हत्या गरिएको छ भने पर्सामा दुई बालिका हाडनाता करणीको शिकार बनेका छन्।

अधिकारकर्मीहरूका अनुसार यी तथ्यांक प्रहरीमा दर्ता भएका घटनामात्र

(बाँकी अन्तिम पृष्ठमा)

# खोटाङमा हेलिकप्टर दुर्घटना

**झापा, चैत ४।** खोटाङको केपिलासगढी गाउँपालिका-२ खार्तम्छामा हेलिकप्टर दुर्घटना भएको घटनामा बेलायतबाट फर्किएको एक परिवार सवार रहेको खुलासा भएको छ।

मृतकको अन्तिम संस्कारका लागि गाउँतर्फ जाँदै गरेका आफन्तहरू सवार हेलिकप्टर अवतरणकै क्रममा दुर्घटनामा परेको हो।

बेलायती सेनाबाट अवकाश प्राप्त डाकमनी राईकी पत्नी मनलक्षी राईको केही दिनअघि बेलायतमै निधन भएको थियो। उनको शव लिएर नेपाल फर्किएका परिवारजन अन्तिम संस्कारका लागि थातथलो जाँदै थिए।

तर, काठमाडौँबाट गाउँसम्म जाने क्रममा हेलिकप्टरमा शव राखिएको बाकस अट्न नसकेपछि शव सडकमार्गबाट पठाइएको केपिलासगढी गाउँपालिका अध्यक्ष समिर राईले जानकारी दिए। शव गाडीबाट पठाइए पनि बिरामी रहेका डाकमनी राई, पास्टर र अन्य आफन्त भने हेलिकप्टरमार्फत गाउँतर्फ गएका थिए। गाउँमा अवतरणका लागि खेतबारीमा अस्थायी हेलिप्याड तयार गरिएको थियो। तर, हेलिकप्टर निर्धारित स्थानभन्दा केही माथिल्लो भागमा अवतरण गरेको र

(बाँकी अन्तिम पृष्ठमा)

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

**Advance Pathology Lab**
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com

कोशी प्रदेश सरकार
**आन्तरिक मामिला तथा कानून मन्त्रालय**
विराटनगर

**‘समयमै सवारी कर तिरौं। जिम्मेवार नागरिक बनौं।’**

| सवारी कर तिर्दा हुने फाइदाहरु | सवारी कर नतिर्दाको वेफाइदाहरु |
|---|---|
| कानूनी बैधता, जरिवानाबाट मुक्ति | जरिवाना र कर थपिँदै जाने |
| बार्षिक रुपमा कर तिर्दा व्याज र जरिवानाको अतिरिक्त रकम बचत हुने | धेरैबर्षपछि एकैपटक कर तिर्दा ठूलो रकम तिर्नुपर्ने र व्याज, जरिवाना पनि लाग्ने |
| बीमा नवीकरण, र बीमा दावी हुने, दुर्घटना भएमा आर्थिक भार कम हुने | दुर्घटना हुँदा बीमा दावी नहुने, क्षतिपूर्ति र उपचार खर्च सवारीधनीले व्यहोर्नुपर्ने। |
| ब्लुबुक नवीकरण, जाँचपास, नामसारी, खारेजी जस्ता सेवा लिन सहजता | ब्लुबुक नवीकरणमा समस्या, ५बर्षसम्म नवीकरण नभएमा फेरि दर्ता गराउन झञ्झट |
| कर तिर्नु नागरिकको कर्तव्य, विकासमा योगदान, जिम्मेवार नागरिकको पहिचान | कर नतिर्दा सरकारी सेवा लिन समस्या, या दुर्घटना परेमा कानूनी जटिलता हुने |
| सुरक्षित यात्रा, ढुक्क भएर यात्रा गर्न सकिने | जोखिम बढ्दे, ट्राफिक चेक पोष्टमा झञ्झट हुने |

**आजै आफ्नो ब्लुबुक चेक गर्नुहोस् र म्याद नाघेको भए नजिकको यातायात कार्यालयमा गई सवारी कर भुक्तानी, ब्लुबुक नवीकरण र बीमा नवीकरण गर्नुहोस्। धन्यवाद।**

## लागूऔषध बरामद, ७ जना पक्राउ



**झापा, चैत ४।** भद्रपुरमा प्रहरीले ठूलो परिमाणमा लागूऔषधसहित सात जनालाई पक्राउ गरेको छ।

गोप्य सूचनाका आधारमा वडा प्रहरी कार्यालय भद्रपुर, जिल्ला प्रहरी कार्यालय झापा र लागूऔषध नियन्त्रण ब्युरो इकाई काँकरभिट्टाको संयुक्त टोलीले भद्रपुर-६स्थित श्रवण यादवको घरमा छापा मारेको थियो। घर खानतलासीका क्रममा करिब ५० ग्रामभन्दा बढी ब्राउनसुगर फेला परेको प्रहरीले जनाएको छ।

घटनामा संलग्न रहेको आरोपमा ३१ वर्षीय श्रवण यादव, २० वर्षीय गणेश राजवंशी र २६ वर्षीय प्रकाश राजवंशीलाई नियन्त्रणमा लिइएको छ।

यसैगरी, भद्रपुर बसपार्क क्षेत्रमा गरिएको थप कारबाहीमा चार जनालाई ब्राउन सुगरसहित पक्राउ गरिएको छ।

पक्राउ पर्नेमा ३० वर्षीय शुभम् साह, ३० वर्षीय जयकरण कहार, ३५ वर्षीय दुलाल शेख र २९ वर्षीय मोहम्मद अमिरबाब रहेका छन्।

प्रहरीका अनुसार दुलाल शेखको साथबाट करिब १० ग्रामभन्दा बढी ब्राउनसुगर बरामद गरिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको नेपाल प्रहरीले जनाएको छ।

द.नं. ३/१/७/५२४/२०६७/०६८

**सिम्रिक बचत तथा ऋण सहकारी संस्था लि.**
बिर्तामोड-४, झापा
स्था.: २०६७

**कर्मचारी आवश्यकता सम्बन्धीको सुचना**

यस सिम्रिक बचत तथा ऋण सहकारी संस्था लि., मुख्य कार्यालय विर्तामोड-४, झापाको संचालक समितिको मिति २०८२।१२।०३ गते बसेको बैठकको निर्णय बमोजिम संस्थाको कार्यक्षेत्र झापा, मोरङ्ग, इलाम र पाँचथर जिल्लामा रहेको सेवाकेन्द्रहरुका लागि निम्न लिखित योग्यता भएका कर्मचारीहरु खुला प्रतिष्पर्धाको आधारमा पदपुर्ति गर्नुपर्ने भएकोले मिति २०८२ चैत्र १५ गते कार्यालय समय भित्र ईच्छुक ब्यक्तिहरुलाई दरखास्तको लागि आह्वान गरिन्छ।

| क्र.सं. | पद | संख्या | शैक्षिक योग्यता | विशेष दक्षता |
|---|---|---|---|---|
| १ | सहायक प्रथम छैटौं तह (सेवाकेन्द्र प्रमुख) | ४ | ब्यवस्थापन संकायमा स्नातक उत्तीर्ण वा सो सरह | - सहकारी तथा वित्तिय क्षेत्रमा कार्यअनुभव – Nepali Typing, Microsoft Word/Excel & Computer सम्बन्धी राम्रो ज्ञान भएको |
| २ | सहायक द्वितीय चारौं तह (क्यासियर) | ३ | प्रमाण पत्र तह (+२) उत्तीर्ण वा सो सरह | - सहकारी तथा वित्तिय क्षेत्रमा कार्यअनुभव – Nepali Typing, Microsoft Word/Excel & Computer सम्बन्धी ज्ञान भएको |
| ३ | सहायक द्वितीय चारौं तह (फिल्ड सहायक) | ३ | प्रमाण पत्र तह (+२) उत्तीर्ण वा सो सरह | - सहकारी तथा वित्तिय क्षेत्रमा कार्यअनुभव – Nepali Typing, Microsoft Word/Excel & Computer सम्बन्धी ज्ञान भएको |

परीक्षणकालिन अवधि ६ महिनाको रहनेछ।

- आधार तलब : सहायक प्रथम रु. ३०,५६८।-, फिल्ड सुविधा रु. ६,५००।-
  सहायक द्वितीय रु. २६,३८६।-, फिल्ड सुविधा रु. ४,५००।-
- अन्य सेवा-सुविधा : ग्रेड, सामाजिक सुरक्षा कोष, उपदान, उपचार सुविधा, (संस्थाको नियमानुसार) कर्मचारी बोनस, संचित विदा, पर्व बोनस, महंगी भत्ता।
- अनुभवी तथा दुई पांग्रे सवारी चालक अनुमति पत्र सहित साधन भएकालाई विशेष प्राथमिकता दिईनेछ।

संलग्न हुनुपर्ने कागजात :
१) हस्तलिखित निवेदन
२) नेपाली नागरिकताको प्रतिलिपि
३) शैक्षिक योग्यताको प्रतिलिपि
४) २ प्रति पास फोटो
५) अनुभव प्रमाणपत्रको प्रतिलिपि

आवेदन शुल्क : सहायक प्रथम छैटौं तहको हकमा रु. ५००।- र सहायक द्वितीय चारौं तहको हकमा रु. ३००।-(फिर्ता नहुनेगरी)
नोट : अनलाईन मार्फत आवदेन दिनेको हकमा आवेदन शुल्क तपशिलमा उल्लेखित बैंक खातामा जम्मा गरि जम्मा भौचर वा स्क्रिनसट पठाउनुहुन।
Bank Name : Nic Asia Bank Ltd Account Name : Simrik Saving And Credit Cooperative Limited Account Number : 0094150002272003

सम्पर्क नं. : ०२३-५३४५२५, ९८०१४४५४२८ ईमेल : simrikcoophr@gmail.com

**VACANCY ANNOUNCEMENT**

Everest Smart Education Academy, Birtamod–6, Buttabari, Jhapa, Nepal a reputed private secondary school located in Birtamod–6, Buttabari, Jhapa, Nepal, invites applications from qualified, dynamic, and result-oriented candidates for the following positions:

| S.N | Position | Level | No. Required | Responsibilities |
|---|---|---|---|---|
| 1 | Hostel Warden (Male) | Hostel Administration | 1 | Ensuring the safety, discipline, and well-being of students in the hostel. The role includes supervising daily routines, monitoring study hours, maintaining hygiene and order, and coordinating with the school administration to create a safe and supportive residential environment. |
| 2 | Hostel Warden (Female) | Hostel Administration | 1 | |
| 3 | English Teacher | Primary Level | 1 | Delivering engaging and effective instruction while maintaining a positive and inclusive smart classroom environment. The role includes planning inquiry-based lessons, assessing student learning, encouraging critical thinking, and preparing worksheets and learning materials to support the learning process. |
| 4 | Computer Teacher | Primary Level | 1 | |
| 5 | MathematicsTeacher | Primary Level | 1 | |
| 6 | Science Teacher | Primary Level | 1 | |
| 7 | Computer Teacher | Secondary Level | 1 | |

**Required Documents**
1. Handwritten Application Letter
2. Updated CV/Resume
3. Copies of Academic & Professional Credentials
4. Two recent PP-size Photographs or attached PP size Photograps
5. Government Issued identity : copy of Citizenship card/National identity card/PAN Card/Liscence

**Minimum Requirements**
- Relevant academic qualification in the respective field
- Prior experience in teaching or related work will be preferred
- Strong communication skills, classroom management ability, and professional commitment
- For Hostel Wardens: responsible, disciplined, and capable of managing hostel students effectively

Everest Smart Education Academy Estd. 2056
EVEREST SMART EDUCATION ACADEMY
Birtamode-06, Buttabari, Jhapa,

**Application Submission**
Applications can be submitted directly at the school office or sent via
Email: everestsmartedu.32@gmail.com
principal.esea@gmail.com
**Deadline for Application: 15th Chaitra, 2082**
Only shortlisted candidates will be contacted for further selection procedures.

# भद्रपुरको नगर परिषद्मा पत्रकार र खेलाडी पुरस्कृत



**भद्रपुर, चैत ४।** भद्रपुर नगरपालिकाले दुई जना पत्रकारसहित विभिन्न खेल विधामा उत्कृष्ट प्रदर्शन गरेका खेलाडीहरूलाई सम्मान गरेको छ ।

नगरपालिकाले बुधवार १७औं नगर परिषद्को अवसरमा पत्रकार र खेलाडीहरूको योगदानको कदर स्वरूप सम्मान गरेको हो । नगर विकास पत्रकारिता पुरस्कारबाट पत्रकार हुतराज नेपाल (उत्तम) र प्रोत्साहन पत्रकारिता पुरस्कारबाट डिल्लीरमण नेपाललाई सम्मान गरिएको हो ।

नेपाल समाचारपत्र र ब्लाष्ट दैनिकमा आबद्ध पत्रकार उत्तमलाई नगद ३१ हजार तथा वर्तमान साहित्यिक पत्रिकामा आबद्ध पत्रकार डिल्लीलाई नगद १५ हजारसहित दोसल्ला ओढाएर सम्मान-पत्रले पुरस्कृत गरिएको थियो । उनीहरूलाई नगर प्रमुख गणेश पोखरेल, उपप्रमुख राधा कार्की, प्रमुख प्रशासकीय अधिकृत गोरखनाथ मिश्र लगायतले सम्मान-पत्र प्रदान गरेका थिए ।

त्यस्तै भलिबल खेलाडी तथा कोशी प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८१मा स्वर्ण पदक ल्याउने खेलाडीहरू प्रमोद पाण्डे, भरत यादव, अभिषेक कामती, रेशल साह, आलोक सिंह, निखिल कामती, आदित्य कामती, आयुष सिटौला, आकाश ठटाल, नितिन मण्डल र रिदम दर्जीलाई कदर-पत्रसहित जनही ५ हजार एक सयले पुरस्कृत गरिएको थियो ।

त्यसैगरी भद्रपुरमा आठौं नगर स्तरीय तथा १६औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सम्पन्न गराउन सहयोगी भूमिका निर्वाह गर्नेहरूलाई पनि कदर पत्र प्रदान गरिएको थियो ।

## सामाजिक सञ्जालमा महिलाको चरित्र हत्या गर्दा...

**काठमाडौं, चैत ४।** सामाजिक सञ्जालमा महिलाको चरित्र हत्या गरेको अभियोगमा काठमाडौं-१६ नयाँबजार बस्ने कैलाली घोडाघोडी नगरपालिका-१ घर भएका २३ वर्षीय तपेन्द्र बिष्टलाई प्रहरीले पक्राउ गरेको छ ।

फेसबुकमा फेक आईडी बनाई पीडित महिलाको तस्वीर सँगसँगै चरित्र हत्या गर्ने तवरबाट अपमानजनक तथा अमर्यादित कन्टेन्ट निर्माण गरी पोष्ट गर्नुका साथै अपरिचित व्यक्तिका अश्लिल क्रियाकलापका भिडियो सामाग्रीहरूमा समेत पीडित महिलाको नाम राखी विभिन्न पोष्ट गरी दुःख हैरानी दिएको भन्ने पीडितको उजुरीको आधारमा साइबर ब्यूरोबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनलाई काठमाडौंबाट पक्राउ गरेको हो ।

उनी उपर बिद्युतीय (इलेक्ट्रोनिक) कारोवार ऐन-२०६३ अन्तर्गतको कसुरमा जिल्ला अदालत काठमाडौंबाट तीन दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## प्रहरीद्वारा ...

आग्रह गरेका छन् । आफन्तले बालिकाको सुरक्षामा चिन्ता गर्ने प्रहरीले बालकलाई भने कुनै वास्ता नगर्नुले प्रहरीको नियतमाथि नै शंका रहेको दावी गरेका छन् ।

यता कोशी प्रदेश सरकारका पूर्व खानेपानी सिंचाइ तथा ऊर्जामन्त्री एकराज कार्कीले ती बालिकामाथि प्रहरीले 'घोर अन्याय' गरेको दावी गरेका छन् । बालिकाको न्यायको विषयमा कुराकानी गर्दा आफूलाई समेत प्रहरीले अशिष्ठ व्यवहार गरेको पूर्वमन्त्री कार्कीले बताएका छन् ।

१४ वर्षीया बालिकालाई गैरकानूनी रूपमा हिरासतमा राखेको विषयलाई लिएर टेलिफोनबाट बुझ्न खोज्दा आफूलाई इलाका प्रहरी कार्यालय अनारमनीका डीएसपी बिजय श्रेष्ठले अशिष्ठ व्यवहार गरेपछि जिल्ला प्रहरी कार्यालय झापाका प्रमुखलाई समेत जानकारी गराएको बताए ।

पूर्वाञ्चल दैनिकसँग कुराकानी गर्दै पूर्व मन्त्री कार्कीले भने 'पीडितहरु म कहाँ आएका थिए, आफूहरु अन्यायमा परेको र वालिकालाई हिरासतमा राखेर भेट्नसम्म नदिएको भनेपछि बिर्तामोडका डीएसपीसावलाई फोन गरेर बुझ्न खोज्दा उनी बिदामा रहेछन् । 'इन्स्पेक्टर'सँग कुरा भयो । पछि उनी आएपछि उनीसंग कुरा गर्दा उनले रुखो शब्द प्रयोग गर्दै आफूमाथि अशिष्ठ व्यवहार गरे ।' आफूले प्रहरीको अनुसन्धानमा असर नपर्ने गरी बालिकाको अवस्था मात्रै बुझ्न खोजेको बताएका पूर्वमन्त्री कार्कीले भने- डीएसपी साव उल्टै ममाथि आइलाग्नुभयो र मैले नै फोन काटेँ ।

लगत्तै एसपी सावलाई समेत बालिकाको अवस्थाका बारेमा सोधेको थिएँ, मानवअधिकारका विषयमा कुरा गरेँ, एसपीले वुझेर छाडिदिन्छु भनेको यतिका दिन बित्दा समेत बालिकालाई हिरासतमा राख्नु प्रहरीको बदमासी हो ।

वालिकाका आमाबुवाले गलत गरेको भए कारवाही गर्न समेत भनेको थिएँ- पूर्वमन्त्री कार्कीले भने- अनुसन्धानका नाममा प्रहरीले बालिकामाथि घोर अन्याय गरेको छ । बालिकाको विषयलाई लिएर पीडित पारिवारले पूर्व उपसभामुख तथा प्रतिनिधिसभा सदस्य इन्दिरा राना मगर, कोशी प्रदेश सरकारका मन्त्री चिन्तन पाठकलाई समेत जानकारी गराएको बताएका छन् ।

## अष्ट्रेलिया ...

महानगरपालिका-१४ बाट पक्राउ गरेको हो । उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको छ ।

## खोटाङमा ...

त्यसलाई सार्ने क्रममा दुर्घटना भएको प्रारम्भिक अनुमान गरिएको छ ।

प्रत्यक्षदर्शीका अनुसार हेलिकप्टर अवतरणपछि सन्तुलन गुमाउँदै माथिल्लो गरासम्म पुगेर भित्तामा ठोकिएको थियो । मध्यान्ह १२ बजेर २ मिनेटमा घटनास्थल पुगेको एयर डाइनेस्टीको ९-एनएफक्यू कलसाइनको हेलिकप्टरमा पाइलट सविन थापासहित ६ जना सवार थिए । दुर्घटनामा यात्रुमध्ये काजीबहादुर राई घाइते भएका छन् । घाइते काजीबहादुर राई तथा पाइलट सविन थापालाई एयर डाइनेस्टीकै अर्को हेलिकप्टरमार्फत उपचारका लागि काठमाडौं ल्याइएको छ ।

## मधेशमा ...

हुन् । सामाजिक लाज, डर र दबाबका कारण थुप्रै घटना बाहिर नआएको अनुमान गरिएको छ ।

**कारण के ?**

यौन हिंसाका घटना किन बढिरहेका छन् भन्ने विषयमा अनुसन्धानकर्ता र सरोकारवालाबीच फरक-फरक धारणा देखिन्छ ।

इन्सेकका मधेश प्रदेश प्रमुख राजु पासवान मोबाइल र सामाजिक सञ्जाललाई मुख्य कारक मान्छन् । उनका अनुसार अश्लील सामग्रीमा सहज पहुँचका कारण किशोर तथा युवा प्रभावित हुने गरेका छन्, जसले यस्ता अपराधमा संलग्नता बढाएको देखिन्छ ।

उनले अधिकांश घटनामा १५ देखि ३० वर्ष उमेर समूहका युवाहरू संलग्न रहेको तथ्यांकले देखाएको बताए । लागूऔषध र मदिरा सेवन पनि सहायक कारणका रूपमा औंल्याइन्छ ।

यता मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक गोविन्द थपलिया भने फरक दृष्टिकोण प्रस्तुत गर्छन् । उनका अनुसार कम उमेरमा घरबाट भागेर विवाह गर्ने, पछि सम्बन्ध बिग्रँदा वा अभिभावकले अस्वीकार गर्दा बलात्कारको मुद्दा दर्ता गराउने प्रवृत्ति मधेशमा बढी देखिएको छ ।

उनका अनुसार यस्ता कारणले तथ्यांकमा देखिएका सबै घटना वास्तविक जबरजस्ती करणी नहुन पनि सक्छन् । तर, उनी पनि डिजिटल माध्यमकै कारण युवाबीच नजिकिने प्रवृत्ति बढेको स्वीकार गर्छन् ।

**रोकथाममा चुनौति**

सरोकारवाला निकायहरूका अनुसार कडा कानूनी कारवाही मात्र पर्याप्त नहुने र सामाजिक चेतनाको अभाव नै मुख्य चुनौति बनेको छ ।

प्रहरीले समय-समयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको दाबी गरे पनि समुदायस्तरमै पहल कमजोर रहेको स्वीकार गरिन्छ । महिला मानवअधिकार रक्षक सञ्जालकी प्रदेश अध्यक्ष रेखा झा डिजिटल माध्यमको सही प्रयोगबारे शिक्षा आवश्यक रहेको बताउँछिन् । उनका अनुसार मोबाइल र सामाजिक सञ्जालको गलत प्रयोगले किशोर-किशोरीबीच अस्वस्थ सम्बन्ध बढाएको छ ।

उनले सहमतिमा हुने यौनसम्बन्ध, भागेर विवाह गर्ने प्रवृत्ति र त्यसपछिको सामाजिक दबाबका कारण बलात्कार मुद्दा दर्ता गराउने क्रम पनि बढेको बताइन् । यस्ता घटनाको सूक्ष्म अनुसन्धान आवश्यक रहेको उनको भनाइ छ ।

**अभिभावक र समाजको भूमिका**

विशेषगरी ग्रामीण क्षेत्रमा अभिभावकको निगरानी कमजोर हुनु, बालबालिकालाई अनियन्त्रित स्वतन्त्रता दिनु र सुरक्षाप्रति बेवास्ता गर्नु पनि घटनाको कारण मानिन्छ ।

विद्यालयस्तरदेखि नै यौनशिक्षा, डिजिटल साक्षरता र सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सके मात्र यस्ता घटना न्यूनीकरण गर्न सकिने सरोकारवालाहरूको निष्कर्ष छ ।


## मोटरसाइकल हराएको सूचना

यही मिति २०८२।११।२६ गते रातिको समयमा नै ज्ञानबहादुर खड्काको नाममा यातायात व्यवस्था कार्यालयमा दर्ता रहेको इञ्जिन नं. G3J3E0561813, चेसीस नं. ME1RG4459M0084987 रहेको प्र-नं.१-०१-०१५प ८५६ नम्बरको १५०सीसी (FZV2) निलो रंगको मोटरसाइकल झापाको बाह्रदशी-५ आफ्नै घरमा पार्किङ गरी राखेको ठाउँबाट हराएको हुँदा भेट्नु वा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध छ ।

**सम्पर्कः ९८१७९०७२०६, ९८५२६९१५००**

## तु-आवश्यकता

बिर्तामोड-५मा रहेको बस्नेत फ्रेस हाउसको लागि कामदारको आवश्यकता परेकोले सम्पर्क गर्नुहोला ।

१) खसी काट्न मासु बनाउन जान्ने पुरुषः १ जना

२) चिकन बनाउन जान्ने महिला/पुरुष-१ जना

**खान, बस्न, एप्रोन र मेडिकलको व्यवस्थासहित**

नोटः खसी बनाउन (काटन जान्नेलाई) रु. १८०००।- र कुखुरा बनाउन (काट्न जान्नेलाई) रु. १५०००।-को व्यवस्था छ ।


**मो. ९८०३४०१९७०**

## भिटा बिक्रीमा

बिर्तामोड नगरपालिका-१ बाल्मीकि लिङ्कन कलेज दक्षिण डाक्टर कोलेनीसँगैको दक्षिण मोहडा भएको ११ धुर भिटा अर्जेन्ट परेर तु-बिक्रीमा रहेकोले इच्छुकले मात्र सम्पर्क गर्नुहोला ।

**मो. ९८०७९२२३०१**

## वरिष्ठ मुटु रोग विशेषज्ञ



DR. RAJESH KUMAR PANJIYAR

MBBS, MD INTERNAL MEDICINE, DM CARDIOLOGY FAPSC (JAPAN)

NMC NO.: 8021

SENIOR CLINICAL & INTERVENTIONAL CARDIOLOGIST

CATH LAB Training (सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी, काठमाडौं)

प्रत्येक महिनाको तेस्रो शनिबार विर्तानगरबाट

उपचार हुने रोगहरू

- उच्च रक्तचाप(Blood Pressure),कोलेष्ट्रोल
- छाती दुख्ने, चक्कर आउने, थकान धेरै हुने
- राति सुत्दा वा हिड्दा सास फेर्न गाह्रो हुने
- हात,खुट्टा सुन्निने, पसिना धेरै आउने, ढुकढुकी बढ्ने
- मुटुको कमजोरी (Heart Failure)
- हृदयघात (Heart Attack)
- पुरानो मुटु रोग सम्बन्धी समस्या
- ECG र मुटुको भिडियो एक्सरे (ECHO)सेवा
- मुटु सम्बन्धी अपरेसन गरेको तथा पेसमेकर राखेका बिरामीहरु का लागि नियमित परामर्श

**आर. आर. पोलिक्लिनिक**

अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसँगै), बिर्तामोड-४,झापा

०२३-५४११७४, ९८२०४५११७४

## बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा

निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

हाम्रा सेवाहरु

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६

## SUNMAI SPRING

'थोपा-थोपामा जीवन छ'

स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं ।

SUNMAI SPRING

Phone: 530335, 530234

Mob. No. 9801440344


## माइक्रेसन सर्टिफिकेट हरायो

मिति २०८२।१०।२४ गतेका दिन बिर्तामोडबाट भद्रपुर जाने क्रममा मेरो निम्न व्यहोरा भएको राष्ट्रिय परीक्षा बोर्डको ट्रान्सक्रिप्ट सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम :-** निमा घले

ठेगानाः बिर्तामोड-५, झापा

माइग्रसेन नं. NEB REG NO. 811040200122

**सिम्बोल नं.** :- ९०४००५९२

**सम्पर्क नं.** :- ९८२८३७६५९२

## नवोदय बहुउद्देश्यीय सहकारी संस्था लि.

कमल-०३, केर्खा झापाको

## कर्जा तिर्न आउने बारेको ३५ दिने सूचना

**प्रकाशित मिति : पूर्वाञ्चल दैनिक, २०८२/ १२/०५**

यस नवोदय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडबाट तपशिलमा उल्लेखित व्यक्तिहरुले विभिन्न समयमा लिनुभएको कर्जाको साँवा, व्याज तथा हर्जना लगायतका रकम शर्त बमोजिम समय समयमा संस्थामा दाखिला गर्नुपर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लघंन गर्नुभएको र सो सम्बन्धमा पटक-पटक मौखिक, लिखित, घरमै पुगी तथा टेलिफोनबाट जाकारी गराउँदा समेत सो कर्जा रकम चुक्ता, भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले अन्तिम पटकलाई यो सूचना यस राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले ३५ (पैत्तीस) दिनभित्र यस संस्थामा सम्पर्क राखी संस्थालाई तिर्न बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु होला । तपशिलमा उल्लेखित तपाई ऋणीहरुको उक्त समयभित्रमा कर्जा अशुल नभएमा तपाई र तपाईको एकाघर परिवारको चल-अचल सम्पत्तिबाट अशुल उपर गरिने व्यहोरा समेत यसै सूचना द्वारा सूचित गरिन्छ । अन्यथा सहकारी ऐन २०७४को नियम ३० (क), नियमावली २०७५को ३०(घ) तथा नेपाल सरकारको प्रचलित कानून एवम् संस्थाको नीति नियम बमोजिम सम्बन्धित ऋणीलाई कालोसूचीमा सूचीकृत गरी सम्पत्ति लिलाम साथै आवश्यक कानूनी कारबाहीको प्रक्रियामा जाने ब्यहोरा जाकारी गराइन्छ ।

**तपशिल :**

**ग्वालडुब्वा सेवाकेन्द्र अर्न्तगतको ऋणी सदस्य**

१) ऋणी सदस्यको नाम थर- कृष्ण कुमार राजवंशी
ठेगाना- गौरादह न.पा. वडा नं.०७
बाबुको नाम- टोपलाल राजवंशी
बाजेको नाम- भबुकलाल राजवंशी
श्रीमतिको नाम- वेदी माया बराल

२) ऋणी सदस्यको नाम थर- दुर्गा कुमारी अधिकारी
ठेगाना- गौरादह न.पा. वडा नं.०७
बाबुको नाम- लाल बहादुर बस्नेत
श्रीमानको नाम- अनन्त कुमार अधिकारी

३) ऋणी सदस्यको नाम थर- गोमा दुलाल
ठेगाना- गौरादह न.पा. वडा नं. ०९
बाबुको नाम- हरि प्रसाद दुलाल
श्रीमानको नाम- नगेन्द्र बस्नेत

४) ऋणी सदस्यको नाम थर- गंगा भुजेल
ठेगाना- गौरादह न.पा. वडा नं.०२
बाबुको नाम- कृष्ण बहादुर खड्का
श्रीमानको नाम- मनोज कुमार भुजेल

५) ऋणी सदस्यको नाम थर- कमला माया सार्की
ठेगाना- गौरादह न.पा. वडा नं.०१
बाबुको नाम- मोहन बहादुर सार्की
श्रीमानको नाम- लाल बहादुर सार्की

## नवोदय बहुउद्देश्यीय सहकारी संस्था लि.

कमल-०३, केर्खा झापाको

## धितो लिलाम गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

प्रकाशन मिति : २०८२/१२/०५

यस संस्थाको कर्जा नीति बमोजिम तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले उपयोग गरेको ऋणको सावा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा पटक-पटक पत्राचार गरी ताकेता तथा स्मरण गराउँदा पनि तिर्न बुझाउन नआएकोले पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा मितिः २०८२/०५/१२मा ३५ दिने कर्जा तिर्न आउने बारेको सूचना प्रकाशन गरिएको थियो ।

उक्त सूचना प्रकाशन गरी ऋण भुक्तानीको आग्रह गर्दा समेत ऋणीले ऋणको साँवा, व्याज तथा हर्जना समेत तिर्न बुझाउन नआएकोले संस्थाको ऋण रकम अशुल उपर गर्नका लागि ऋणीले ऋणको सुरक्षण बापत लेखिदिएको तपशिलमा उल्लेखित अचल सम्पत्ति (घरजग्गा समेत) जहाँ जस्तो अवस्थामा छ, त्यस्तै अवस्थामा लिलाम बिक्रीको लागि सहकारी ऐन २०७४को दफा ७९ र नियमावली २०७५ को नियम ३० (घ) बमोजिम धितो बापतको सम्पत्ति लिलाम बिक्रीको लागि यो ३५ दिने सूचना प्रकाशन गरिएको छ । शिलबन्दी बोलपत्र फारमका साथ संलग्न शर्त बन्देजहरुको अधिनमा रही तपशिलमा उल्लेखित अचल सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस संस्थाको केन्द्रीय कार्यालयमा तोकिएको समयभित्र आइ पुग्ने गरी शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ ।

बोलपत्र खोल्ने दिन बोलपत्रदाताहरु तथा ऋणीलाई समेत उपस्थितिको लागि यसै सूचनामार्फत सूचित गरिन्छ । तर, कोही उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन । सुरक्षणमा रहेको सम्पूर्ण धितो बिक्री गर्दा संस्थाको सम्पूर्ण लेना रकम असुल नभएमा जमानी बस्ने व्यक्तिहरुको नाममा रहेको चलअचल जायजेथाबाट अशुल उपर गर्नुका साथै सहकारी ऐन २०७४को दफा ८० बमोजिमको कालो सूचीमा नाम समावेश गरी दफा ८१ बमोजिम स्थापित कर्जा सूचना केन्द्रमा लेखी पठाउने समेत सूचित गरिन्छ ।

**तपशिल**

| | |
|---|---|
| **१) ऋणीको नाम :** | **कुमार चुडाल** |
| ऋणीको ठेगाना : | कन्काई न.पा. वडा नं.०३, सुरुङ्गा, झापा |
| जमानीकर्ताहरुको विवरण : | झापा जिल्ला कन्काई न.पा. वडा नं. ०३, निवासी मिति २०६०/०८/१० मा झापा जिल्ला बाट जारी ना.प्र.नं. ०४२२०/४२३ भएको विन्दा सिटौला |
| धितोको विवरण : | झापा जिल्ला कन्काई न.पा वडा नं.०३ बस्ने नारायण प्रसाद चुडालको नाति छविलाल चुडालको छोरा वर्ष ४५ को कुमार चुडालको नाममा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता श्रेष्ता कायम भएको झापा जिल्ला साविक सुरुङ्गा ५ (ख) हाल कन्काई न.पा. वडा न ०३ मा पर्ने कि.नं.४५१ को ज.वि.०-०-६, २५-० (१०५।८१ व.मि.) क्षे.फ.को जग्गा कित्ता -१ |
| **२) ऋणीको नाम :** | **दिपेन्द्र लिम्बु** |
| ऋणीको ठेगाना : | भद्रपुर न.पा. वडा नं. ०२, सगरमाथा, झापा |
| जमानीकर्ताहरुको विवरण : | झापा जिल्ला भद्रपुर न.पा. वडा नं. ०२, निवासी मिति २०५९/०८/०२मा झापा जिल्ला बाट जारी ना.प्र.नं. ५७८११३८२ भएको विमला लिम्बु |
| धितोको विवरण : | झापा जिल्ला भद्रपुर न.पा. वडा नं. ०२ बस्ने मनोरथ लिम्बुको नाति लाल बहादुर लिम्बुको छोरा वर्ष ६८ को देउ कुमार लिम्बुको नाममा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता श्रेष्ता कायम भएको झापा जिल्ला साविक पृथ्वीनगर ५ मा पर्ने कि.नं.३६७ को ज.वि.०-५.१९-०-० (१७६० व.मि.) क्षे.फ.को जग्गा कित्ता -१ |
| **३) ऋणीको नाम :** | **विमला लिम्बु** |
| ऋणीको ठेगाना : | भद्रपुर न.पा. वडा नं.०२, सगरमाथा, झापा |
| जमानीकर्ताहरुको विवरण : | झापा जिल्ला भद्रपुर न.पा. वडा नं. ०२, निवासी मिति २०५८/०४/१८ मा झापा जिल्ला बाट जारी ना.प्र.नं. ९९०१६१७४ भएको दिपेन्द्र लिम्बु |
| धितोको विवरण : | झापा जिल्ला भद्रपुर न.पा. वडा नं. ०२ बस्ने करवीर लिम्बुको छोरी दिपेन्द्र लिम्बुको श्रीमती वर्ष ३९ को विमला लिम्बुको नाममा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता श्रेष्ता कायम भएको झापा जिल्ला साविक पृथ्वीनगर ५ मा पर्ने कि.नं.१३१२ को ज.वि.०-३.०३-०-०(१०२९.०३ व.मि.) क्षे.फ.को जग्गा कित्ता -१ र साविक महेशपुर ३ घ मा पर्ने कि.नं.११०१ को ज.वि.०-१८-२.५-०-० (६१३७.६७ व.मि.) क्षे.फ.को जग्गा कित्ता -१ |

**शर्त बन्देजहरु :**

१. बोलपत्र साथ आफूले कबोल गरेको रकमको १० प्रतिशत रकम संस्थाको नाममा एन.एम.बि. बैकमा रहेको बैंक खाता नं.०६४००३१५४५६०००१५मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

२. प्राप्त बोलपत्रहरु सूचना प्रकाशन भएको मितिले ३६औं दिनको दिन दिउँसो ३:०० बजे संस्थाको मुख्य कार्यालयमा खोलिनेछ । सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट उल्लेखित समय र स्थानमा खोलिनेछ ।

३. लिलाम गर्न लागेको अचल सम्पत्ति निरीक्षण गर्न चाहने व्यक्तिले कार्यालय समयभित्र सम्पर्क गरेर हेर्न सक्नुहुनेछ ।

४. प्राप्त बोलपत्रको हकमा कुनै पनि कारण नखुलाई स्वीकृत वा अस्वीकृत गर्ने अधिकार संस्थासँग नै सुरक्षित रहनेछ ।

५. बोलपत्र सम्बन्धि फारम संस्थाको केन्द्रीय कार्यालय केर्खाबाट रु. १०००।- (पछि फिर्ता नहुने) तिरी खरिद गर्न सकिनेछ ।

**नवोदय बहुउद्देश्यीय सहकारी संस्था लि.,**

**कमल गा.पा. ०३, केर्खा, झापा (फोन नं.: ०२३-४७५१८६)**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०५५/ ९८१७५९०२५५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७५१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय


# नयाँ सरकारको पर्खाइ

**बलियो, स्पष्ट र बहुमतले आशा गरेको रास्वपा अब केही दिनमै सरकारमा आउनेछ । गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा पूर्ण बहुमतका साथ विजयी भएको राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाले पूर्व घोषित तथा झापा ५ बाट निर्वाचित बालेन्द्र शाह नेतृत्वको बलियो सरकार अहिले व्यग्र प्रतीक्षाको विषय बनिएको छ । निर्वाचनमा एमालले स्वतः अघि सारेका पार्टी अध्यक्ष तथा पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीलाई ठूलो मतान्तरले जितेको रास्वपाका वरिष्ट नेता बालेनद्र शाह घोषणा अनुसार नै सरकारको नेतृत्व गर्ने हैसियतमा पुगेका छन् । त्यस्तै प्रधानमन्त्री घोषणा गरेरै चुनावमा होमिएका नेपाली कांग्रेसका सभापति पराजीत हुँदै यो दौडबाट अलग भएका छन् ।**

**निर्वाचन आयोगले निर्वाचन सम्बन्धी सम्पूर्ण प्रक्रिया पूरा गरी समानुपातिक तर्फको काम पनि सकेर राष्ट्रपतिलाई बुझाएलगत्तै सरकार निर्माणको प्रक्रिया शुरु हुनेछ । काठमाडौं महानगरको नेतृत्व त्यागेर पहिलो पटक संसदीय राजनीतिमा प्रवेश गर्दै देशकै नेतृत्व गर्न पुगेका बालेन्द्र प्रधानमन्त्री हुने लगभग निश्चित छ । सम्भवतः आउने साता देशले नयाँ सरकार पाउने छ । देशमा फैलिएको भ्रष्टाचार र कुशासनका बिरुद्ध जेन–जी पुस्ताले गरेको विद्रोहको परिणामले उत्पन्न परिस्थितिमा भएको निर्वाचनमा मतदाताले परम्परावादी चरित्रलाई निसंकोच अस्वीकार गरे । जसको परिणाममा प्रत्यक्ष तर्फ एक सय पच्चीस र समानुपातिक तर्फ सन्ताउन्न सिट जित्दै रास्वपा शक्तिशाली सरकार बनाउने तहमा पुगेको हो । अधिकांश युवाहरु निर्वाचित भएका कारण पनि मुलुक युवामय तथा शक्तिशाली सरकार बन्ने निश्चित छ ।**

**सवैधानिक प्रावधान र व्यवस्था अनुसार निर्वाचन आयोगले निर्वाचन परिणाम र प्रतिवेदन राष्ट्रपतिलाई बुझाउने र त्यसपछि सरकार गठनको प्रक्रिया शुरु हुनेछ । ऐनको प्रावधानहरु अनुसार यसपटक नयाँ गठन हुने सरकारले संसदमा विश्वासको मत लिनु पर्दैन, किनकि रास्वपाले एकल बहुमतका साथ ऐतिहासिक सफलता हासिल गरेको छ । पुराना, खारिएका, अनुभवी नेता र स्थापित दलहरु नराम्ररी पराजीत भएको यो निर्वाचन यसकारण पनि चर्चा र चासोको विषय बनिएको थियो कि युवा शक्ति परिवर्तनको पक्षमा एक भएको थियो । यस्तो विषम् तथा विशेष परिस्थितिमा भएको निर्वाचनले दिएको परिणाम अधिकांश नेपालीको दशकौंदेखि दमित इच्छाको चित्र हो । त्यसैले खोजे जस्तै युवामय सरकारले जनभावना र अपेक्षा पूरा गर्दै राष्ट्रको शिर उच्च राख्न, भ्रष्टाचार अन्त्य र सुशासन कायम गर्न 'किन्तु–परन्तु' भन्न पाउँदैन । यो ऐतिहासिक यात्रा नेतृत्वको परीक्षाको घडी पनि हो ।**

# इन्धन होइन अब बिजुली



**उद्धव सिलवाल**



अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेपछि इरानले हर्मुज (डमरु)को जलमार्ग बन्द गरेको छ। यो जलमार्गले साउदी अरेबिया, इरान, इराक र संयुक्त अरब इमिरेट्स जस्ता प्रमुख तेल उत्पादक देशलाई ओमानको खाडी र अरब सागरसँग जोड्छ। यही मार्गबाट विश्वको करिब २० प्रतिशत कच्चा तेल आपूर्ति हुने गर्थ्यो। उक्त जलमार्ग बन्द भएपछि विश्वव्यापी तेल बजार प्रभावित भइरहेको छ।

हर्मुज तेलमार्गमा हुने सामान्य अवरोधले पनि अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा ठूलो प्रभाव ल्याउने गर्छ। भारतले पनि यही मार्गबाट तेल ल्याउने गरिरहेको थियो। मध्यपूर्वमा जारी युद्धका कारण भारतको ऊर्जा आपूर्तिमा असर परेको छ। भारतको सबैभन्दा ठूलो तरलीकृत प्राकृतिक ग्यास ( एलएनजी) आयातकर्ता पेट्रोनेट एलएनजीले केही अपरेशन अवरुद्ध हुनसक्ने चेतावनी दिएको छ। कतार इनर्जीले एलएनजी उत्पादन स्थगित गरेको घोषणा गरिसकेको छ। कतार इनर्जी भारतीय बजारका लागि प्रमुख आपूर्तिकर्ता हो। गेल (इन्डिया), इन्डियन आयल कर्पोरेसन र भारत पेट्रोलियम कर्पोरेसनले पनि आफ्ना ग्राहकलाई दायित्व पूर्णरूपमा पूरा गर्न नसक्ने सङ्केत गरिसकेको छ।

यसले नेपाल जस्तो पूर्णरूपमा आयातित पेट्रोलियम पदार्थमा निर्भर देशका लागि थप चुनौती थपेको छ। यो आर्थिक मात्रै नभई राष्ट्रिय सुरक्षा र सार्वभौमिकतासँग जोडिएको विषय पनि हो। पेट्रोलियम पदार्थ दैनिक जीवनको अभिन्न अङ्ग बनिसकेको छ। यसको अभावमा सहज जीवनको परिकल्पना समेत गर्न सकिँदैन। घरमा खाना पकाउने ग्यासदेखि सवारीसाधन, हवाईजहाज, उद्योग, कलकारखाना सञ्चालन गर्न पेट्रोलियम पदार्थ बिना सम्भव नहुने अवस्था विद्यमान छ।

पेट्रोलियम अति संवेदनशील पदार्थको रूपमा पर्छ। सामान्य तरिकाले तेल आयात गर्ने सक्ने अवस्था हामीसँग छैन। नेपालमा चाहिने पेट्रोलियम पर्दाथ मध्ये पेट्रोल, डिजेल, फर्निस आयल, हवाई इन्धन, एलपिजी लगायतका सम्पूर्ण इन्धनको आयात भारतका एक/दुई कम्पनीबाट मात्र हुन सक्ने अवस्था छ। त्यसमा भारतीय आयल कर्पोरेसन (आइओसी) पर्छ।

आर्थिक वर्ष २०८१/०८२ मा नेपालले करिब तीन खर्ब ६६ अर्ब रुपैयाँ बराबरको पेट्रोलियम पदार्थ (पेट्रोल, डिजेल, एलपी ग्यास, मटितेल र हवाई इन्धन) आयात गरेको थियो। अघिल्लो वर्षको तुलनामा यो केही कम हो। यो भन्दा अघि आव २०७८/०७९ मा अन्तर्राष्ट्रिय बजारमा मूल्य उच्च हुँदा उक्त परिमाणभन्दा बढी इन्धन आयात भएको थियो। खाना पकाउने ग्यास आयातमा मात्र नेपालबाट बर्सेनि ५० अर्ब रुपैयाँभन्दा बढी विदेश जाने गरेको छ। आव २०८१/०८२ मा साढे ७२ अर्ब रुपैयाँको एलपी ग्यास आयात भएको भन्सार विभागले सार्वजनिक गरेको वैदेशिक व्यापार सम्बन्धी तथ्याङ्कले देखाएको छ। ग्यासको प्रयोग घटाउनुपर्नेमा झन् विस्तार भइरहेको छ। गाउँ-गाउँसम्म ग्यासको बजारले वर्चस्व पाइरहेको छ। सडक यातायात पुगेका सबै ठाउँमा ग्यासले बिजुली र दाउराको स्थान ओगटेको हुँदा यसको प्रयोग न्यून गर्नुपर्ने खाँचो देखिएको छ। खाना पकाउने ग्यास मासिक ४८ देखि ५० हजार टन खपत हुने गरेको तथ्याङ्कले देखाएको छ। सहर केन्द्रित र होटेल एवम् रेस्टुरेन्ट व्यवसायीले प्रयोग गर्ने ग्यासमा राज्यले ठूलो विदेशी मुद्रा खर्च गरिरहेको कटु यथार्थ छ।

नेपालमा नेपाल आयल निगम (एनओसी) एक मात्रै यस्तो संस्था हो, जसले इन्धन र ग्यास आपूर्ति गर्दै आइरहेको छ। प्रत्यक्ष र अप्रत्यक्ष रूपमा आमनागरिकप्रति सबैभन्दा बढी जिम्मेवार संस्थाका रूपमा निगम रहेको छ। पेट्रोलियम पदार्थको प्रयोगमा समाजका सबै तहका नागरिक जोडिएका छन्। यसको माग र आपूर्तिबीच सन्तुलन नमिल्दा समग्र जनजीवन र राष्ट्रिय अर्थतन्त्र नै प्रभावित हुन पुग्छ। यो भन्दा अघि पनि रुस-युक्रेन युद्धका कारण अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य बढ्दा नेपालको आयात खर्च दोब्बर भएको थियो।

अमेरिका-इजरायल र इरानी तनावका कारण खाडी क्षेत्रबाट हुने आपूर्तिमा समस्या आएमा र मूल्य बढेमा निगमले समयमै आइओसीलाई भुक्तानी गर्न नसक्ने स्थिति आउन सक्छ। यस्तो अवस्था सिर्जना भएमा नेपाली बजारमा तेल र ग्यास आपूर्ति प्रभावित हुन सक्छ। यो भन्दाअघि पनि बेला-बेलामा इन्धन आपूर्तिमा प्रश्न चिह्न खडा हुने गरे पनि परनिर्भरता अन्त्य गर्नेतर्फ काम हुन सकेन। अन्तर्राष्ट्रिय सङ्कटले पटक-पटक परनिर्भरताको विकल्पमा सोच्नुपर्ने खाँचो देखाए पनि त्यसतर्फ कुनै प्रगति हुन सकेको देखिँदैन।

अब इन्धनको विकल्पमा अन्य ऊर्जाको प्रयोगमा ध्यान दिनुपर्ने देखिएको छ। बायोग्यासबाट खाना पकाउने, पानी तताउने तथा यसको प्रशोधन गरी ग्यास सिलिन्डरमा भरेर बजारमा बिक्रीवितरण गर्न सकिनेसम्मको कुरा समेत आइसकेका छन्। विश्व बैङ्कले सार्वजनिक गरेको 'ए ब्रेथ अफ चेनज : सोलुसन्स फर क्लिनर एयर इन दी इन्डो-गंगेटिक प्लेन्स एन्ड हिमालयन फुटहिल्स' नामक प्रतिवेदनले इन्धन प्रयोगलाई क्रमशः हटाउन खाना पकाउने जस्ता कार्यमा बिजुलीको प्रयोग बढाउन सके प्रत्यक्ष योगदान पुग्ने जनाएको छ। यसबाट आर्थिक स्थायित्व तथा विकासका लागि अपरिहार्य विदेशी मुद्राको वृद्धि तथा स्रोत विविधिकरणका लागि सहयोग पुग्ने हुँदा यसतर्फ सोच्नुपर्ने समय आएको छ।

विश्व बजारमा इन्धन ऊर्जाको खपत यातायात, उद्योग र घरायसी प्रयोगका लागि आधारशिला भएको छ। इन्धन ऊर्जा प्राविधिक, सामाजिक, आर्थिक विकासको आधारभूत मेरुदण्ड समेत हो। पेट्रोलियम पदार्थले ऊर्जा प्रणालीमा प्रमुख भूमिका खेल्दै आएको छ। विश्वव्यापीकरण र आर्थिक उदारीकरणको कारणले विश्वव्यापी रूपमा भइरहेको आर्थिक वृद्धि, सवारीसाधन तथा विकास निर्माणमा भएको तीव्रताका साथै औद्योगिक तथा व्यापार पारवहनमा भएको वृद्धिसँगै विश्वव्यापी रूपमा इन्धन ऊर्जाको खपत निरन्तर वृद्धि हुँदै गएको छ। यस्तो अवस्थामा नेपालले त्यस्तो ऊर्जाको विकल्पमा सोच्नु पर्छ।


बिजुली प्रयोग बढाउनु आवश्यक छ। निजी क्षेत्रले प्रवर्धन गरेका विद्युत् आयोजनामा मात्रै १३ खर्ब १० अर्ब ६० करोड रुपैयाँ लगानी भइसकेको छ। स्वतन्त्र ऊर्जा उत्पादकको संस्था, नेपाल (इप्पान) र बिएफआइएस न्युज प्रालिले निर्माण सम्पन्न र निर्माणाधीन आयोजनाको हकमा नेपाल राष्ट्र बैङ्क, धितोपत्र बोर्ड, नेप्से, रेटिङ एजेन्सी र विद्युत् कम्पनीको प्रतिवेदनमा आधारित भएर गरेको सर्भे र उत्पादन अनुमतिपत्रको हकमा नमुनाका रूपमा आयोजना छनोट तथा विज्ञ विशेषज्ञको परामर्शका आधारमा तयार पारिएको प्रतिवेदनले सो कुरा देखाएको हो। नेपालको जलविद्युत् क्षेत्रमा अहिले धेरै कम्पनी सञ्चालनमा रहेका छन्। यस्तो अवस्थामा स्वदेशमै उत्पादित बिजुली खपत गर्ने वातावरण सिर्जना गर्नु नै सबैभन्दा दिगो समाधान हुन सक्छ। पेट्रोलियम सवारीसाधनलाई विस्थापन गरी विद्युतीय गाडी (इभी) प्रयोगलाई प्राथमिकता दिनु पर्छ।

नेपालीको भान्सामा प्रयोग हुने एलपी ग्यास पनि जीवाष्म इन्धन नै हो। यसले कार्बन उत्सर्जन गर्छ। यसको विकल्पमा विद्युतीय चुलो सबैभन्दा उपयुक्त माध्यम हो। विशेषगरी होटेल र उद्योगमा बायोग्यास र विद्युत्को प्रयोग बढाउँदा डिजेल जेनेरेटर र ग्यासको खपत कम गर्न सकिन्छ। जलविद्युत्को विकल्पमा सौर्य ऊर्जालाई राष्ट्रिय प्रणालीमा जोड्न सके प्रभावकारी हुने छ। भारतले कोइला सङ्कटका बेला नवीकरणीय ऊर्जाबाटै आफ्नो माग व्यवस्थापन गरेको उदाहरण रहेकाले ऊर्जाका स्रोतको विविधिकरण गर्नु उपयुक्त हुन्छ।

अमेरिका-इजरायल र इरानबीचको तनाव जस्ता विश्वव्यापी घटनाले हाम्रो अर्थतन्त्रको कमजोरीलाई पटक-पटक उजागर गरेकै विषय हो। हामीले वार्षिक खर्बौं रुपैयाँ विदेशी मुद्रा खर्चेर आयात गर्ने पेट्रोलियम पदार्थले हामीलाई सधैँ परनिर्भर र असुरक्षित बनाएको छ। आयातमुखी अर्थतन्त्रलाई निर्यातमुखी बनाउन ऊर्जा सुरक्षा सुनिश्चित गर्नुपर्छ। विद्युतीय सवारी, इन्डक्सन चुलो, हरित हाइड्रोजन र बायोग्यासको प्रवर्द्धन मार्फत मात्रै अन्तर्राष्ट्रियस्तरमा आउने सङ्कटबाट नेपालले केही राहत महशुस गर्न सक्नेछ। *गोप*

# पाचन प्रणालीमा हुने क्यान्सर के हो ?

**□ प्रा.डा. संजय पौडयाल**



हामीले खाएको खाना अन्ननलीबाट आमाशय, सानो आन्द्रा, ठूलो आन्द्रा हुँदै मलाशयबाट बाहिर निस्कन्छ, जसलाई पाचन प्रणाली भनिन्छ। यसक्रममा खानामा भएका पोषकतत्व शरीरले लिन्छ भने बाँकी फोहोर बाहिर निस्कन्छ। पाचन प्रक्रियामा कलेजो, पित्तनली, पित्तथैली र प्यांक्रियाजले पनि सहयोग गर्छन् । पाचन प्रणालीका यी कुनै पनि अंगमा क्यान्सर हुनसक्छ। नेपालमा आमाशय, ठूलो आन्द्रा, कलेजो तथा प्यांक्रियाजमा हुने क्यान्सर बढी पाइन्छ।

ठूलो आन्द्रामा हुने क्यान्सर धेरैजसो खानपानसँग सम्बन्धित हुन्छ। धेरैमात्रामा जनावरजन्य बोसो भएका तथा धेरै प्रिजर्भेटिभ हालेका खानेकुरा, मोटोपन जस्ता कुराले क्यान्सरको जोखिम बढाउँछन्। खानामात्र नभई वंशाणुगत रुपमा पनि क्यान्सर हुने सम्भावना हुन्छ। त्यस्तै ठूलो आन्द्रामा हुने सुजन 'इन्फ्लामेटोरी बावल डिजिज' र मासु पलाउने रोग (कोलोनिक पोलिप) पनि केही वर्षपछि क्यान्सरमा परिणत हुने सम्भावना हुन्छ।

**कस्ता लक्षण देखिन्छन् ?**

दिसामा रगत देखिन सक्छ। अधिकांश बिरामी दिसामा रगत आयो भने पायल्स भयो भनेर जडिबुटी औषधि खाएर घरमै बसिरहेका हुन्छन्। तर, दिसामा रगत देखिनु सामान्य होइन, असामान्य हो भनेर बुझ्नुपर्ने हुन्छ। दिसामा रगत आउने बित्तिकै ठूलो रोग नहुन पनि सक्छ। तर, जाँच नै नगरी यस्तो हो भनेर भन्न मिल्दैन। ठूलो आन्द्राको दाहिने भागतिर क्यान्सर हुनेहरुमा रगतको कमी (एनिमिया) भई हिँड्दा थकाइ लाग्ने, सेतो भएर जाने जस्ता लक्षण देखिन्छन्, जुन परीक्षणबाट मात्र कारण थाहा हुन्छ। कसै-कसैमा अन्य रोगको परीक्षण गर्दा आन्द्राको क्यान्सर थाहा लाग्ने हुन्छ।

**जाँच कसरी ?**

ठूलो आन्द्रामा क्यान्सर भएको छ कि छैन भनेर पत्ता लगाउने प्रमुख उपाय भनेको 'कोलोनोस्कोपी' हो। यसमा दिसा गर्ने ठाउँबाट ठूलो आन्द्राभित्र मेसिनको सहायताले हेरिन्छ, जसबाट आन्द्रामा मासु पलाएको वा घाउ छ कि छैन भनेर थाहा हुन्छ र रोग यकिन गर्न बायोप्सी (मासु जाँच) लिइन्छ। यसबाट धेरैजसो अवस्थामा क्यान्सर छ वा छैन पत्ता लाग्दछ। ठूलो आन्द्राको क्यान्सर धेरैजसो ५० वर्षभन्दा माथिको उमेर समूहलाई लाग्न सक्छ। तर, वंशाणुगत कारण हुनेहरुमा कम उमेरकामा पनि देखिन्छ।

**उपचार प्रक्रिया के हुन्छ ?**

क्यान्सर पत्ता लागेपछि यो रोग आन्द्रामै सीमित छ कि या आन्द्राबाट बाहिर फैलिएको छ भनेर जाँच गरिन्छ। त्यसका लागि पेट तथा छातीको सीटी स्क्यान तथा रगत जाँच गरेर हेरिन्छ। कुनै अवस्थामा एमआरआइ पनि गरिन्छ। त्यसपछि रोगलाई वर्गीकरण गरिन्छ। शल्यक्रिया गर्नुपर्ने कि किमोथेरापी दिने हो अथवा शल्यक्रियापछि किमो दिने हो भनेर निर्क्यौल गरिन्छ। त्यसका आधारमा उपचार शुरु गरिन्छ।

पेट सम्बन्धी समस्याको परीक्षण, उपचार तथा शल्यक्रिया लगायतका सम्पूर्ण सेवाका लागि नर्भिकमा 'डाइजेस्टिभ डिजिज सेन्टर' छ। यस अन्तर्गत फिजिसियन ग्यास्ट्रोइन्टेरोलोजिस्ट, ग्यास्ट्रोइन्टेसटाइनल सर्जरी (सर्जरी) तथा अंकोलोजीको विशिष्ट सेवा उपलब्ध छ। ग्यास्ट्रोइन्टेस्टाइनल सर्जरी विभागमा आन्द्राको अपरेशन गरेर क्यान्सर लागेको भागलाई निकाली फालिएको भागमा रोग नभएको आन्द्रा जोड्ने लगायतका सुविधा उपलब्ध छ।

किमोथेरापी दिन अंकोलोजिस्ट हुनुहुन्छ भने रोगको स्क्रीनिङ गर्ने, पत्ता लगाउने तथा कोलोनोस्कोपी गर्ने काम चाहिँ मेडिकल ग्यास्ट्रोइन्टेरोलोजिस्टले गर्नुहुन्छ। यी सेवा धेरै वर्षदेखि नर्भिकमा उपलब्ध छ। यसका साथै दुरबिनको सहायताले पनि शल्यक्रिया गरिन्छ भने कतिपयलाई पारम्परिक रुपमा चिरेरै शल्यक्रिया गर्नुपर्ने हुनसक्छ। अर्थात्, बिरामीको अवस्था हेरेर आन्द्राको क्यान्सरका लागि आवश्यक सबै खालका उपचार सेवा नर्भिकमा उपलब्ध छ।

**क्यान्सर हुन नदिन के गर्ने ?**

स्वस्थ जीवनशैली नै क्यान्सर हुन नदिने महत्त्वपूर्ण उपाय हो। यसका लागि बोसोयुक्त खानेकुरा कम गर्ने तथा मोटोपन घटाउनेजस्ता उपाय गरियो भने क्यान्सर हुने जोखिम केही हदसम्म कम गर्न सकिन्छ। तर, सबैकुरा खानपानमात्र होइन, ५० वर्षमाथिका व्यक्तिमा स्क्रीनिङ गर्नुपर्छ।

विदेशमा बढी क्यान्सर देखिने उमेर समूहलाई स्क्रीनिङ गर्ने गरिए पनि नेपालमा छैन। त्यसैले दिसामा रगतजस्ता लक्षण देखिए आवश्यक परीक्षण गरेर पत्ता लगाउनुपर्छ। त्यस्तै वंशाणुगत रुपमा हुने क्यान्सर रोक्न नसकिए पनि सचेत हुन र जोखिम कम गर्न सकिन्छ। शुरुकै स्टेजमा पत्ता लाग्यो भने आन्द्राको क्यान्सर पनि निको हुनेमा पर्छ।

*(डा. पौड्याल नर्भिक अस्पतालका जीआई ( ग्यास्ट्रोइन्टेस्टाइनल) सर्जन हुन् ।)*






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्ने छ, छोटो दुरीको रमाइलो यात्रा हुनाले मन हर्षित रहला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** मनमा उत्साह बढेर जानेछ, आवेगमा अधिक खर्च हुने समय छ, विचार पुऱ्याउनुहोला, मावली पक्षबाट शुभ समाचारको योग छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौशला मिल्नाले मन हर्षित हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** मन शान्त रहने छ, पारिवारिक कारणले खुशी बढ्नेछ, व्यर्थको यात्रा हुनाले खर्च बढेर जानेछ खर्चिलो योग रहेको छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** आजको दिन समयले साथ दिएको छ, नचिताएको ठाउँबाट धन आगमन हुँदा मन खुशी भएर जानेछ, परिवारिक भेटघाट हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** बुद्धिको उपयोगले धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिनेछ, शुभ खबर सुन्न पाइने छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** समय अत्यन्तै बलवान छ, मान-सम्मान मिल्नेछ, शुखद् खबर सुनिने छ, व्यापार-व्यवसायमा फाइदाजनक नतिजा प्राप्त हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** तपाईको दिन शुभ रहेको छ, अनावश्यक झमेलाबाट छुटकारा मिल्ने योग रहेको छ, कसैसँग वादविवाद नगर्नुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा बृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला ।

मिति २०८२/१२/०४ बुधबारको
सुनचाँदी मूल्य
छापावाला
सुन प्रति तोला
रु. ३०७,७००।-
चाँदी
प्रति तोला
रु. ५,१५०।-

# ‘धुलाबारी बजार क्षेत्रको सडक चाँडै बन्छ’



**मेचीनगर, चैत ४।** शहीद मार्ग अन्तरगतको धुलाबारी बजार क्षेत्रको अधुरो सडक एक हप्ताभित्रदेखि बन्न शुरु हुने भएको छ।

मेचीनगर नगरपालिकाका प्रमुख गोपालचन्द्र बुढाथोकीले मेची उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष किशोर क्षेत्री (कपिल)को नेतृत्वमा भेट्न गएको टोलीलाई यस्तो बताएका हुन्।

नगर प्रमुख बुढाथोकी अनुसार सो क्षेत्रको निर्माणको जिम्मा लिएका निर्माण व्यवसायी केदार गिरीसँग छलफल भइरहेको छ। दुई, तीन दिनभित्रदेखि अधुरो काम शुरु हुनेछ।

संघका वरिष्ठ उपाध्यक्ष क्षेत्रीसँगै गएका उद्योग उपाध्यक्ष भुमि पौडेल, कार्यसमिति सदस्य श्यामप्रसाद न्यौपाने, व्यवसायीहरु तनुज मारु, सागर राजबंशी, कार्यकारी निर्देशक गोपाल बस्नेतले अलपत्र रहेको सडकमा पानी पर्दा विजोग हुने भएकोले समस्या समाधानको उपाय अपनाउन नगर प्रमुखलाई अनुरोध गरेका थिए।

सडक बनाउन ठेकेदार र कसैले अवरोध गरे संघ र व्यवसायीहरुले साथ र सहयोग गर्ने नगर प्रमुखलाई बाचा गरेका थिए। नगर प्रमुख बुढाथोकीले निर्माण व्यवसायी गिरीलाई नगरपालिकाले चाँडै केहि रकम भुक्तानी गरेर करिव २ महिनाभित्र सडक निर्माणको काम सक्ने व्यवसायीलाई बताएका थिए।

अधुरो रहेको सडकमा निर्माण व्यवसायीले जिम्मा लिएको खानेपानी, विद्युत लगायतका समस्याको समाधान गरेर केही दिनभित्रै ठेकेदारले सडक बन्न शुरु गर्ने नगरप्रमुखले जानकारी गराउनु भएको वरिष्ठ उपाध्यक्ष क्षेत्रीले बताए।

नगरपालिकाको गौरवको योजना अन्तरगत विश्व बैंकको सहयोगमा शहीद विरेन राजवंशी मार्ग(शहीद मार्ग) धुलाबारीदेखी मेचीनगर-९ को थोप्लेविरानसम्म ४.८ किलोमिटर सडक निर्माण अन्तिम चरणमा पुगेको छ। शहीद मार्ग सडकको ठेक्का एनएनटी डेभलोपर भारतको पटना कम्पनीले करिव ८७ करोडमा लिएको छ।

# तरकारीखेतीले चिनिँदै बाह्रदशीको राधानगर गाउँ

**भद्रपुर, चैत ४।** बाह्रदशी गाउँपालिका-३ स्थित ‘राधानगर’ गाउँ तरकारी खेतीबाट परिचित छ।

बिहान झिसमिसै उज्यालो हुनुअघि नै यहाँका किसानहरू खेतबारीतर्फ निस्किसकेका हुन्छन्। करिब तीन बजेदेखि शुरु हुने उनीहरूको कामले गाउँको कृषि गतिविधि चलायमान देखिन्छ। निरन्तर मेहनत, लगाव र परिवारको सहकार्यका कारण यहाँका किसानहरूले तरकारी उत्पादनबाट उल्लेख्य आम्दानी गरिरहेका छन्।

राधानगरका बासिन्दाका लागि खेतीपाती रोजगारीको माध्यम मात्र नभई दैनिक जीवनको अभिन्न हिस्सा बनेको छ। समयसँगै सुधार हुँदै गएको कृषि प्रविधि, बजारको बढ्दो माग र स्थानीय किसानहरूको सक्रियताले यो गाउँ झापामा तरकारी उत्पादनको महत्वपूर्ण केन्द्रका रूपमा विकसित हुँदै गएको छ। अहिले यहाँका धेरैजसो परिवारले मौसमी तरकारी खेतीलाई आफ्नो प्रमुख आयआर्जनको आधार बनाएका छन्।

राधानगरका किसान सुन्दरलाल शाहको दैनिकी यस गाउँका किसानहरूको प्रतिनिधि कथा जस्तै छ। उहाँको दिनचर्या बिहान ३ बजेदेखि शुरु हुन्छ। घर वरपर अँध्यारो अझै बाँकी रहँदा उनी खेततर्फ लागिसकेका हुन्छन्। आजभोलि खेतमा लगाइएका बन्दागोभी, काउली र बैगुन जस्ता मौसमी तरकारी टिप्ने काम त्यसै समयबाट शुरु हुन्छ। तीन बिगाह क्षेत्रफलमा फैलिएको उनको खेत अहिले बन्दागोभी, काउली र बैगुनले ढाकिएको छ। बिहानैदेखि तरकारी टिप्ने, वर्गीकरण गर्ने र गाडीमा राखेर बजार पठाउने काममा परिवारका



सदस्यहरू पनि व्यस्त देखिन्छन्। सुन्दरलाललाई यस काममा श्रीमती र छोरी सरिताले भरपूर साथ दिएको बताउँछन्।

परिवारका सदस्य बाहेक तीन जनालाई नियमित रोजगारी दिनुका साथै तरकारीखेतीबाट खर्च कटाएर वार्षिक रु. १२ लाखभन्दा बढी आम्दानी हुने गरेको उनी बताउँछन्। यद्यपि खेतीमा आम्दानीसँगै खर्च पनि उत्तिकै हुने गरेको सुन्दरलालको अनुभव छ। गोबर मल, ट्याक्टर जोताइ, रासायनिक मल, मजदुर खर्च र ढुवानीमा ठूलो रकम खर्च हुने गरेको उनी बताउँछन्।

सुन्दरलालकी छोरी सरिता शाह कृषि क्षेत्रमा नयाँ पुस्ताको प्रतिनिधि जस्तै देखिन्छन्। उनले १८ महिनाको कृषि प्राविधिक (जेटिए) अध्ययन पूरा गरेका छन्। बाल्यकालदेखि बुबाले खेतमा गरेको मेहनत देख्दै हुर्किएकी सरितालाई कृषि क्षेत्रमा काम गर्ने प्रेरणा त्यहीँबाट मिलेको हो। सुन्दरलालको परिवारको परम्परागत पेसा भने सुर्तीखेती थियो। उनका बुबा र हजुरबुबाहरूले पनि यही खेती गर्दै आएका थिए। तर, समयसँगै सुर्तीखेतीमा बजार घट्दै गयो र आम्दानी पनि कम हुन थाल्यो।

मौसमले पनि साथ दिन छाड्यो त्यसपछि सुन्दरलालले वि.सं. २०५२ देखि तरकारी खेती शुरु गरेका हुन्। शुरुवाती दिनहरूमा सानो जमिनबाट शुरु गरिएको खेती अहिले तीन बिगाहसम्म विस्तार भएको छ। राधानगरकै अर्का किसान जगतलाल शाहको कथा पनि उत्तिकै प्रेरणादायी छ। उनले आठ वर्ष मलेसियामा वैदेशिक रोजगारी गरे। विदेशमा काम गरेर फर्किएपछि उनले गाउँमै तरकारीखेती शुरु गरे।

जगतका दुई छोराहरू भने हाल विदेशमै रोजगारीमा छन्। भविष्यमा उनीहरूलाई पनि गाउँमै फर्काएर कृषि क्षेत्रमा लगाउने योजना रहेको उनी बताउँछन्। राम्रो आम्दानीसँगै बजार सजिलै पाए पनि उचित मूल्य पाउन चुनौती रहेको जगतलालको अनुभव छ। राधानगरकै अर्का किसान विनोद शाह पनि तरकारीखेतीबाट राम्रो आम्दानी गरिरहरेका छन्। उनले एक विगाह जमिनमा बन्दागोभी, काउली र बैगुन लगायतका तरकारीखेती गर्दै आएका छन्।

विनोदले आफ्नो उत्पादन स्थानीय बजारमा बिक्री गर्ने गरेका छन्। घरका सदस्यहरू मिलेर काम गर्दा खर्च कम हुने र आम्दानी राम्रो हुने उनको अनुभव छ। तर, उनका अनुसार भारतीय बजारबाट आउने विषादीयुक्त तरकारी स्थानीय किसानका लागि मुख्य चुनौती बनेको छ।

राधानगरमा शाह समुदायका करिब एक सय ४० परिवार बसोबास गर्दै आएका छन्। यी मध्ये अधिकांश परिवार तरकारी खेतीमा संलग्न छन्। श्यामनारायण शाह, झडीलाल शाह, नागिन शाह, लखतलाल शाह लगायतका किसानहरू पनि यही पेसामा सक्रिय छन्। मौसमी तरकारी उत्पादनका कारण राधानगरलाई अहिले ‘तरकारी पाइने गाउँ’का रूपमा चिनिन थालेको छ। झापाको प्रमुख बजार बिर्तामोडमा आउने स्थानीय तरकारीमध्ये धेरैजसो यही गाउँबाट पुग्ने गरेको छ।

बाह्रदशी गाउँपालिकाको कृषि विकास शाखाका प्रमुख निशान बिष्टका अनुसार यस क्षेत्रमा अधिकांश किसानले मौसमी तरकारी खेती गर्दै आएका छन्। गाउँपालिकाले किसानलाई कृषि उपकरण, प्रविधि र तालिम उपलब्ध गराउँदै आएको उनी बताउँछन्। कृषि प्रविधिको प्रयोग, उन्नत बीउबिजन र बजार व्यवस्थापनमा सहयोग मिल्दै जाँदा यहाँको तरकारी उत्पादन अझै बढ्ने अपेक्षा गरिएको छ।

तरकारी खेतीबाट राम्रो आम्दानी भए पनि किसानहरूले केही चुनौती पनि भोगिरहेका छन्। मुख्य समस्या भनेको भारतीय बजारबाट आउने सस्तो तरकारी हो। विषादि प्रयोग भएका तरकारी सस्तोमा बजारमा आउँदा स्थानीय उत्पादनको मूल्य घट्ने गरेको किसानहरू बताउँछन्। यद्यपि किसानहरू मेहनत, अनुभव र नयाँ प्रविधिको प्रयोगबाट यी चुनौती पार गर्दै अघि बढिरहेका छन्।

आज राधानगरका खेतहरूमा फैलिएको हरियाली केबल तरकारीका बोटहरूको हरियाली मात्र होइन, यो गाउँका किसानहरूको आशा र भविष्यको हरियाली पनि हो। बिहानको अँध्यारो चिर्दै खेतमा पुग्ने किसानहरूको मेहनतले यहाँको माटोलाई सुन जस्तै बनाइरहेको छ।

सुन्दरलाल, जगतलाल, विनोद जस्ता किसानहरूको कथाले देखाउँछ-यदि इच्छाशक्ति र मेहनत भए गाउँमै बसेर पनि सम्मानजनक आम्दानी गर्न सकिन्छ। राधानगर आज केवल एउटा गाउँ होइन, मेहनत र सम्भावनाको कथा बनेको छ।

खेतबारीमा हुर्किरहेका तरकारीसँगै यहाँका किसानहरूको सपना पनि दिनदिनै बढिरहेको छ। भविष्यमा अझ राम्रो प्रविधि, बजार व्यवस्थापन र सरकारी सहयोग मिल्दै गए यो गाउँ झापाको मात्र होइन, देशकै उत्कृष्ट तरकारी उत्पादन केन्द्रका रूपमा स्थापित हुने अपेक्षा गर्न सकिन्छ।

# विश्व स्वास्थ्य संगठनबाट बाहिरिँदै अर्जेन्टिना

**झापा, चैत ४।** अर्जेन्टिनाले विश्व स्वास्थ्य सङ्गठनबाट औपचारिक रूपमा फिर्ता लिएको छ।

परराष्ट्रमन्त्री पाब्लो क्विर्नोले सामाजिक सञ्जालमा जानकारी दिए। उनका अनुसार यो निर्णय १७ मार्च सन् २०२५मा संयुक्त राष्ट्र सङ्घको महासचिवलाई पठाइएको पत्रमार्फत जानकारी गराइएको थियो। भियना सन्धि अनुसार नोटिफिकेसनको एक वर्षपछि यो फिर्ता औपचारिक रूपमा लागू भएको हो।

अर्जेन्टिनाली सरकारले सन् २०२५ मार्चमा यो निर्णय घोषणा गरेको थियो। राष्ट्रपतिका प्रवक्ताले त्यतिबेला जानकारी दिए।


शुद्ध दूधको स्वस्थ उत्पादन
कोसेली
“सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैँ तपाईहरुको साथमा’
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

वैदेशिक रोजगार
यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ। सम्पर्क गर्नुहोला।
HK EMPLOYMENT SERVICES PRIVATE LIMITED
सम्पर्कः ९८४२६३४८७४, ९८१६०४९८७६, ०२३-५३५९७३
बिर्तामोड, झापा

वैदेशिक रोजगार
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641,
9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

सिलिङ सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

कार्की ट्याक्सी सर्भिस
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४ ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

UPVC झ्याल ढोका
टर्की ब्रान्डका UPVC ओरजिनल झ्याल, ढोका पार्टीसन लगाउनु परेमा हामीलाई सम्झनुहोस्।
गणपति UPVC झ्याल, ढोका-संसार
सम्पर्क :
बिर्तामोड, चारपाने, सुरुङ्गा, दमक
९८५२६७१४२२, ९८१८२१०६७०

झापामै पहिलो होमियोप्याथिक
तारा होमियो फार्मेसीमा सम्पूर्ण होमियोप्याथिक औषधि उपलब्ध हुनुका साथै डाक्टरको सेवा पनि उपलब्ध छ।
- पेटका रोगहरुः ग्यास्ट्रिक, पेट दुख्ने, पोल्ने, खाना नपच्ने, अरुचि, पाइल्स, फिस्टुला फिस्सर, मलद्वारमा मासु पलाउने, कब्जियत, जण्डीस,
- लिभरका रोगहरु
- महिलाको महिनावारी गडबडी, सानो पेट दुख्ने, पोल्ने, सुन्निने, सेतोपानी जाने, ढाड दुख्ने, स्थनका गाठागुठी आदि।
- अनुहारको चायाँ पोतो, डण्डिफोर, मुसा, खिल, अैजेरु, दम, खोकी, बाथ, मृगौलाको पत्थरी, टाउको दुख्ने, निद्रा नलाग्ने, रुघा लागिरहने, एलर्जी, नाक बन्द हुने, नाकमा मासु पलाउने, पिनास, जोर्नी दुख्ने, युरिक एसीड, थाइराइडको समस्या, स्त्री तथा पुरुषका विभिन्न गुप्तरोगहरु, सुगर, ब्लड प्रेसर, कपाल झर्ने, कोलेस्ट्रोल घटाउने आदि।
तारा होमियो फार्मेसी
बिर्तामोड, झापा
फोन नं.:- ०२३-५३१२९८, ९८५२६७२३१६

Ganapati Bakers
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस्।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

हामीलाई सम्पर्क गर्नुहोस्
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं।
नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

United International Group
UAE मा रोजगारीको अवसर
७ दिनमा भिषा आउने
कम्पनीः युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

वैदेशिक रोजगार
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालिलाई सम्झनुहोस्। हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ।
सम्पर्कः ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

घर ढलान गर्नुछ ?
तपाईको सेवामा सधैं
चन्द्र सूर्य आर.एम.सी.
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नुपरेमा सधैंसम्झनुहोस्।
सेवामा २४सैं घण्टा उपलब्ध छौं।
सम्पर्क :
९८०२३१३२९०
९८२४०५७७०७
९८०२३१३२९३

आयुर्वेद उपचार
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्कः ९८१८७९३९८६, ९८५२६८८९८६

अब बिर्तामोडमा
डा. पिताम्बर ठाकुर
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या
मुटु सम्बन्धी समस्या
राति निद्रा नलाग्ने
छाती दुख्ने
फोक्सो सम्बन्धी समस्या
बाथ
थाईराईड
रक्तचाप
मधुमेह
डाक्टर आउने समय :
बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाबिन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

उच्च गुणस्तर सुलभ मूल्य
सयपत्री बालुवा प्रशोधन उद्योग
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp:
९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

सेफ्टी ट्यांकी चाहिएमा
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस्। सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।
सम्पर्कः शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
नि:शुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरूः बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

विशेषज्ञ डाक्टरहरुको सेवा अब
कान्तिपुर मेडिसीन सेन्टर
उपचार हुने रोगहरू :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ
यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ। साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोनः ०२३-५३२८४५)


## डाँफे सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. को
## ऋण चुक्ता गर्न आउने ७ (सात दिने सार्वजनिक सूचना)

**तेस्रो पटक प्रकाशित मिति : २०८२/१२/०५ गते बिहीबार पूर्वान्चल राष्ट्रिय दैनिक**

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यले व्यापारिक प्रयोजनका लागि ऋण लिँदाको बखतमा तोकिएको भुक्तानी तालिका अनुसार तिर्नु बुझाउनुपर्ने साँवा र व्याज रकम नतिरी नबुझाई संस्थालाई लेखी लेखाई दिएको ऋण सम्बन्धी शर्त बन्देज उल्लङ्घन गर्नुभएकाले संस्थाको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक-पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत आलटाल गरी बुझाउनुपर्ने ऋणको साँवा, व्याज र हर्जना समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस संस्थाको कार्यालयमा आई भाखा नाघेको ऋणको सम्पूर्ण साँवा, व्याज र हर्जना लगायत अन्य दरदस्तुर रकम चुक्ता गर्न गराउनहुन तपाई ऋणी सदस्य लगायत सम्बद्ध सबैमा सुचित गरिन्छ। उल्लेखित मितिभित्र ऋणको सम्पूर्ण साँवा, व्याज र हर्जना चुक्ता गर्न नआएमा सहकारी ऐन २०७४ तथा प्रचलित कानून बमोजिम ऋणी सदस्यको धितोमा रहेको चल-अचल सम्पत्ति जहाँ जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री वा अन्य व्यवस्था गरी संस्थाको लेना रकम असुली प्रक्रिया अगाडी बढाइने छ। असुली कारबाहीको सिलसिलामा उक्त कार्यविधि अनुसार भएका अन्य सम्पूर्ण खर्च समेत ऋणीबाट नै असुल उपर गरिने व्यहोरा समेत जानकारी गराइन्छ। सो बाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणी सदस्य तथा धनजमानीकर्ताको घरघरानाको चल-अचल सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित पक्षलाई जानकारी गराइन्छ।

**तपशिल**

**ऋणीको नाम, थर र वतन**

| | |
|---|---|
| नाम : असोक कुमार मण्डल | धितोको विवरण |
| बाबु : खितिस चन्द्र मण्डल | जगगाधनि : असोक कुमार मण्डल |
| बाजे : ज्योतीस चन्द्र मण्डल | बाबु : खितिस चन्द्र मण्डल |
| वतन : साविक शरणामती-७, | बाजे : ज्योतिस चन्द्र मण्डल |
| हाल झापा वार्ड नं. ७ झापा | ना.प्र.नं.: ०८५०६१२८९ जारी मिति : २०४६/१२/०३ झापा |
| ना.प्र.नं. : ०८५०६१२८९ | झापा जिल्ला शरणामती गा.वि.स., वार्ड नं. ७ |
| जारी मिति : २०४६/१२/०३ झापा | नक्सा सिट नं. ७ किता नं. १५९, १३५४.५२ व.मि. |

डाँफे सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.
दमक-५, झापा (फोन नं. ०२३-५७०९२८, ५७०८९४)


सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

ताप्लेजुङ -पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२
९८०१३६४०९३

हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा
स्पार्क अस्पताल काठमाडौंका बरिष्ठ डाक्टर अनिलकुमार महतो यही २०८२ साल चैत ७ गते शनिबार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ। आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस्।
जाँच हुने समस्याहरु :
- ढाड, कम्मर, गर्दन। घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको
समय : बिहान ८:०० देखि ३:००
स्पार्क पूर्वाञ्चल अस्पताल,
कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९७६२९००२८८, ९८१४०३२६६२, ९७६२९००२८८